बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८३/०८४

चलानी नम्बरः

मिति : २०८३।०४।२२

नेपाल संवत् ११४६ दिल्लागा नवमी,शुक्रबार

**प्रदेश दलितको सशक्तीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर राय/सुझाव उपलब्ध गराउने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा बागमती प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत अवधारणापत्र र सैद्धान्तिक सहमति बमोजिम कानून मस्यौदा समितिबाट तर्जुमा गरिएको यसै साथ संलग्न प्रदेश दलितको सशक्तीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर कुनै राय/सुझाव भए मन्त्रालयको इमेल ठेगाना mosd@bagamati.gov.np मा ७ (सात) दिनभित्र उपलब्ध गराइदिनुहुन यस मन्त्रालयको मिति २०८३।०४।२१ गतेको निर्णयानुसार (मा.मन्त्रिस्तरीय) सूचित गरिन्छ ।

रुद्र शर्मा

उपसचिव

# प्रदेशको दलित सशक्तीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

<u>प्रस्तावनाः</u> प्रत्येक व्यक्तिको मानवीय मर्यादा र व्यक्तिगत अधिकारमा समानता हुने मान्यतालाई आत्मसात गर्दै, बागमती प्रदेशभित्रका दलित समुदायमाथि हुने जातीय छुवाछूत तथा भेदभावको अन्त्य गरी सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक अधिकारको प्रवर्द्धन गर्न र नेपालको संविधानको व्यवस्थाहरूलाइ कार्यान्वयन गर्दै दलित समुदायको सशक्तीकरण मार्फत राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्दै समतामूलक समाजको निर्माण गर्न वाञ्छनीय भएकोले बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश दलित सशक्तीकरण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन बागमती प्रदेशभर लागु हुनेछ।

(३) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजाति र सूचीकृत बाहेकका हकमा सम्बन्धित स्थानीय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित जातजातिलाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेशको दलित सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "सशक्तीकरण" भन्नाले दलित समुदायका व्यक्तिहरुको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको संरक्षण, सम्वर्द्धन र विकास समेतलाई जनाउँछ।

(च) "विकास समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने प्रादेशिक दलित विकास समिति सम्झनु पर्छ।

(छ) "स्थानीय दलित विकास समिति" भन्नाले दफा बमोजिम गठन हुने स्थानीय दलित विकास समिति सम्झनु पर्छ।

## परिच्छेद -२

## दलितको हक र अधिकार

३. **जातीय छुवाछूत तथा भेदभाव विरुद्धको हकः** (१) दलित समुदायका व्यक्तिलाई कुनै पनि निजी वा सार्वजनिक स्थानमा कुनै पनि प्रकारको जातीय भेदभाव वा छुवाछूत गर्नु वा गराउनु हुँदैन।

(२) जातीय छुवाछूत तथा भेदभाव भएको पाइएमा शून्य सहनशीलताको सिद्धान्त अनुसार प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा तत्काल पठाउनु पर्नेछ।

(३) दलित समुदायका व्यक्तिहरूलाई घर भाडामा बस्नुपर्ने अवस्थामा कुनै किसिमको विभेद गर्न पाइने छैन।

(४) प्रदेशभित्र सञ्चालित सरकारी तथा सामुदायिक छात्रबास प्रयोगमा दलित विद्यार्थीलाई प्राथमिकता दिनु पर्नेछ।

(५) दलित समुदायसँगको अन्तरजातीय विवाहका कारण व्यक्ति माथि हुने विभेद, हिंसा र यातनालाई निरुत्साहित गरी पीडितलाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्नेछ।

४. <u>शिक्षा सम्बन्धी हकः</u> (१) प्रदेश सरकारले दलित समुदायको प्राविधिक र व्यावसायिक उच्च शिक्षामा पहुँच बढाउन विशेष छात्रवृत्ति र सहुलियतको व्यवस्था गर्नेछ।

(२) विद्यालय शिक्षाबाट बाहिर रहेका दलित समुदायका बालबालिकालाई बिद्यालयको पहुँचमा ल्याउन स्थानीय तहको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "विद्यालय शिक्षाबाट बाहिर रहेका" भन्नाले विद्यालय भर्ना नभएका, विद्यालय बीचैमा छोडेका र तह पूरा नगरेका समेतलाई बुझ्नुपर्छ।

(३) शैक्षिक संस्थाका पाठ्यक्रम तथा पाठ्यसामाग्रीहरूमा जातीय, क्षेत्रीय एवं लैङ्गिक सबै खाले असमानता, विभेद तथा हिंसा अन्त्यका विषयबस्तुहरु समावेश गरी पठन पाठन गराउन पहल गरिनेछ।

५. <u>स्वास्थ्य सम्बन्धी हकः</u> (१) दलित समुदायका व्यक्तिहरूलाई दीर्घ तथा गम्भीर प्रकृतिका रोगको उपचारका लागि तोकिए बमोजिम विशेष व्यवस्था गर्नु पर्नेछ।

(२) दलित महिलाहरुको प्रजनन् स्वास्थ्यसंग सम्बन्धित सबै खाले रोगको निःशुल्क उपचारको व्यवस्था गर्नेछ।

(३) आर्थिक रुपमा विपन्न दलित समुदायका व्यक्तिलाई निशुल्क स्वास्थ्य बिमाको प्रबन्ध गरिनेछ।

## परिच्छेद-३
## <u>आर्थिक तथा सामाजिक सशक्तीकरण</u>

६. <u>सीप विकासको अवसरः</u> (१) दलित समुदायले परापूर्वकालदेखि अपनाउँदै आएको परम्परागत मौलिक कला, पेशा, ज्ञान र सीपलाई संरक्षण, प्रवर्द्धन, आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ।

(२) उपदफा (१) को कार्यान्वयनको लागि सहुलियतपूर्ण ऋण, अनुदान, आवश्यक प्रविधि हस्तान्तरण, विशेष योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ।

(३) दलित समुदायलाई आत्मनिर्भर बनाउन प्रदेश मातहतका कार्यालय वा स्थानीय तह मार्फत प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम सञ्चालन गरिनेछ।

७. <u>स्वरोजगार र उद्यमशीलता प्रवर्द्धनः</u>(१) दलित उद्यमीहरूद्वारा सञ्चालित उद्योग वा व्यवसायका लागि प्रदेश कानून बमोजिम सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क र व्यवसाय दर्ता शुल्कमा विशेष छुट वा सहुलियत प्रदान गरिनेछ।

(२) दलित समुदायको लगानीमा सञ्चालित स्टार्टअप वा लघु उद्यमका लागि प्रदेश सरकारबाट बिना धितो सहुलियतपूर्ण ऋण र अनुदानको व्यवस्था गरिनेछ।

(३) दलित समुदायबाट संचालित पेशा, व्यवसाय, उद्योग तथा कल कारखानाबाट उत्पादित सामाग्रीहरुको बिक्री वितरणका लागि उचित बजारको व्यवस्थापन गरिनेछ।

८. <u>सामाजिक सुरक्षाः</u> (१) विपन्न दलित समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि प्रदेश सरकारले विशेष सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नेछ।

(२) अनौपचारिक क्षेत्रमा कार्यरत दलित समुदायका श्रमिकहरुको अनिवार्य दर्ता र सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि आवश्यक व्यवस्था गरिनेछ।

९. <u>सामाजिक रूपान्तरण</u>: जातीय छुवाछूत तथा भेदभाव अन्त्यको लागि सरकारी, गैरसरकारी निकाय, नागरिक समाज, धार्मिक र सामुदायिक अगुवाहरू तथा सामाजिक अभियन्तासँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद -४

## संस्थागत तथा प्रशासनिक व्यवस्था

१०. <u>प्रदेश दलित विकास समिति</u>: (१) प्रदेशमा दलित विषय हेर्ने एक प्रदेश दलित विकास समिति रहनेछ।

(२) समितिको सचिवालय प्रदेश मन्त्रालयको दलित सम्बन्धी विषय हेर्ने महाशाखामा रहनेछ।

११. <u>समितिको गठन</u> : (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) मन्त्री, दलित सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलित समुदायका प्रदेशसभा सदस्यहरू - सदस्य

(ग) सदस्य, सामाजिक क्षेत्र हेर्ने, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(घ) सचिव, कानून विषय हेर्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय - सदस्य

(ङ) सचिव, दलित सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) सचिव, आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ज) मानव अधिकार तथा सामाजिक न्यायलाई कार्यक्षेत्र बनाई दलित समुदायको उत्थान तथा विकासमा योगदान पुर्याएका प्रदेशभित्रका दलित समुदायका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तिमा एक जना महिला सहित तीन जना -सदस्य

(झ) मन्त्रालयको सामाजिक क्षेत्रसम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य सचिव

(२)समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको मनोनित सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

(४) समितिको मनोनित सदस्य हुन देहायको योग्यता पुरा गरेको हुनु पर्नेछः-

(क) प्रदेश भित्र स्थायी बसोबास गरेको नेपाली नागरिक,

(ख) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ग) पैंतीस वर्ष उमेर पुरा भएको,

(घ) कम्तिमा पाँच वर्ष दलितको हक, हित वा मानव अधिकार वा कानूनको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको व्यक्ति,

(ङ) मान्यता प्राप्त विश्वविद्यायबाट स्नातक उपाधि हासिल गरेको,

(च) उच्च नैतिक चरित्र भएको।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको भनि विकास समितिले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

१२. <u>समितिको काम कर्तव्य र अधिकार</u>ः (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित समुदायको उत्थान, सशक्तीकरण तथा अधिकार संरक्षणका लागि आवश्यक नीति तथा कार्यक्रमको पहिचान गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) दलित समुदायको विकास, सशक्तीकरण, एंव मूलप्रवाहीकरण सम्बन्धी बिषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(ग) जातीय छुवाछूत तथा भेदभावको अन्त्यको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक सहयोग तथा सुझाव प्रदान गर्ने,

(घ) प्रदेश भित्रका दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक तथा साँस्कृतिक अवस्थाको अध्ययन अनुसन्धान गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) दलित समुदायको ऐतिहासिक व्यक्तित्व तथा योगदानको दस्तावेजीकरण गर्ने।

(च) सामाजिक सद्भाव र अन्तरसमुदाय संवाद गर्न धर्म गुरु, सामाजिक अभियन्ता तथा नागरिक समाजसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(छ) छुवाछुत वा दलित अधिकार प्रयोग गर्न नदिएको वा बन्चित गरेको बिषयमा कारबाही गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(ज) दलितको अधिकारसँग सम्वन्धित नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरुको कार्यान्वयनको लागि प्रदेश सरकार तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(झ) भूमिहीन तथा आवासबिहीन दलित समुदायको लगत तयार गर्न प्रदेश भित्रका स्थानीय तहसँग सहकार्य तथा समन्वय गर्ने,

(ञ) दलित समुदायको सशक्तीकरणका लागि संघीय निकाय, स्थानीय तह र दलित समुदायको क्षेत्रमा काम गर्ने संघ संस्थासंग समन्वय र सहकार्य गर्ने।

(ट) तोकिए बमोजिम अन्य काम गर्ने।

१३. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक कम्तिमा वर्षको चार पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक हुनु भन्दा कम्तिमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ।

(४) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समिति बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१४. <u>स्थानीय दलित विकास समितिः</u> (१) प्रत्येक स्थानीय तहमा एक स्थानीय दलित विकास समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम हुनेछः

(क) गाँउपालिका उपाध्यक्ष वा नगरपालिकाका उपप्रमुख -अध्यक्ष

(ख) दलित कार्यपालिका सदस्य मध्येबाट स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना - सदस्य

(ग) स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको दलित अधिकारकर्मी एक जना, -सदस्य

(घ) स्थानीय तहको दलित सम्बन्धी विषय हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(३) समितिका मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) बैठक सञ्चालन सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>स्थानीय दलित विकास समितिको काम कर्तव्य र अधिकारः</u>- स्थानीय दलित विकास समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहमा दलित समुदायको हक हित सरक्षण र जातीय छुवाछूत तथा भेदभाव विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) दलितसँग सम्बन्धित विषयमा स्थानीय तहद्वारा सञ्चालित कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ग) जातीय विभेद तथा छुवाछूत अन्त्य गर्न र दलित सशक्तीकरणका लागि कार्यक्रम तर्जुमा गरी बजेट विनियोजिन गर्न स्थानीय तहलाई अनुरोध गर्ने,

(घ) प्रचलित कानूनले व्यवस्था गरे बमोजिम दलित विद्यार्थीलाई निःशूल्क तथा अनिवार्य शिक्षा दिलाउने कार्यलाई प्रभावकारी कार्यान्वयन गर्ने, गराउने

(ङ) जातीय विभेद तथा छूवाछूतमुक्त वडा र स्थानीय तह घोषणा गर्न पहल गर्ने

(च) दलित समुदायको ऐतिहासिक व्यक्तित्व तथा योगदानको दस्तावेजीकरण गर्ने।

(छ) सामाजिक सद्भाव र अन्तरसमुदाय संवाद गर्न धर्म गुरु, सामाजिक अभियन्ता तथा नागरिक समाजसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

(ज) स्थानीय तह भित्रका दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक तथा साँस्कृतिक अवस्थाको अध्ययन, अनुसन्धान र एकीकृत तथ्याङ्क संकलन गरी सम्बन्धित स्थानीय तह र प्रदेश दलित विकास समितिमा प्रतिवेदन पेश गर्ने,

(झ) दलित समुदायले परापूर्वकालदेखि अपनाउँदै आएको परम्परागत मौलिक कला, पेशा, ज्ञान र सीपलाई संरक्षण, प्रवर्द्धन, आधुनिकीकरण र व्यवसायीकरण गर्न सहयोग गर्ने,

(ञ) दलित समुदायको सशक्तीकरणका लागि संघीय तथा प्रादेशिक निकाय र दलित समुदायको क्षेत्रमा काम गर्ने संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ट) स्थानीय तहमा दलित समुदाय विरुद्ध हुने सबै प्रकारका विभेद, छुवाछुत तथा हिंसा अन्त्यका लागि विशेष अभियान सञ्चालन गर्ने,

(ठ) दलितको हक अधिकार सम्बन्धी तोकिएका अन्य कार्य गर्ने ।

## परिच्छेद ५

## विविध

१६. **विशेष व्यवस्थाः** एकल महिला र अपाङ्गता भएका दलित व्यक्तिको संरक्षण गर्न प्रदेश सरकारले तोकिए बमोजिम विशेष व्यवस्था गर्नेछ।

१७. **समन्वय तथा सहकार्यः** मन्त्रालयले राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, स्थानीय तह, नागरिक समाज तथा सामाजिक संघसंस्थासँग समन्वय तथा सहकार्य गरी दलित सशक्तीकरण सम्बन्धी आवश्यक रणनीति तय गर्नेछ।

१८. **निःशूल्क कानूनी सहायताः** प्रदेश भित्र रहेका दलित समुदायका महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई न्यायमा सहज पहुँचको लागि निःशुल्क कानुनी सहायताको व्यवस्था गरिनेछ।

१९. **सामाजिक पुनर्स्थापनाः** सामाजिक पुनर्स्थापनाको लागि आवश्यक नीति योजना कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ।

२०. **प्रतिवेदन पेश गर्नेः** समितिले प्रत्येक वर्ष सम्पादन गरेका कामकारबाहीको विवरण समावेश गरी वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ।

२१. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

२२. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेः** यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

२३. **यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।